# आठौं अध्याय :

## उपसंहार र निष्कर्ष

# आठौँ अध्याय

## ८. उपसंहार र निष्कर्ष

प्रस्तुत शोध-प्रबन्धको यो आठौँ अध्याय "उपसंहार र निष्कर्ष" अध्याय रहेको छ । यस अध्यायको उपसंहार अंशमा प्रस्तुत शोध-प्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सार-संक्षेप प्रस्तुत गरिएको छ र प्रस्तुत शोध कार्यबाट प्राप्त हुन गएको नेपाली सवाई काव्यसम्बन्धी मान्यता, धारणा र संस्थापनालाई छोटकरीमा बूँदाका रूपमा 'निष्कर्ष' अंशमा प्रस्तुत गरिएको छ ।

### ८.१. *उपसंहार :*

प्रस्तुत शोध-प्रबन्धको पहिलो अध्याय शोध-प्रबन्धको साङ्गठनिक वा तथा परिचयात्मक पक्षसँग सम्बन्धित रहको छ । यस अध्यायमा प्रस्तुत शोधको शीर्षकको परिचय दिएर यसको समस्याबारे चर्चा गर्नुका साथै शोध कार्यको उद्देश्यमा प्रकाश पारिएको छ । यसै अध्यायमा नेपाली विद्वान्-समालोचकहरूले यसभन्दा अघि नेपाली सवाई काव्यसम्बन्धी विभिन्न पुस्तक, पत्र-पत्रिकाहरूमा गरेको चर्चा आदिको कार्यको समीक्षात्मक विश्लेषण गरेर यस शोध-शीर्षकको औचित्यमा प्रकाश पारिएको छ अनि समय-सीमाङ्कन स्पष्ट पारिएको छ । त्यस्तै यस शोध-कार्यका निम्ति अनुसरण-अवलम्बन गरिएको शोध-पद्धति वा शोध-विधि र सामग्री सङ्कलन आदिबारे प्रकाश पारिएको छ अनि प्रस्तुत शोध-प्रबन्धको साङ्गठनिक संरचना पनि यसै अध्यायमा देखाइएको छ । प्रस्तुत शोध-कार्यबाट प्राप्त मुख्य निष्कर्षलाई समेत यस अध्यायभित्र अत्यन्त संक्षिप्त रूपमा उल्लेख गरिएको छ । अन्त्यमा यस शोध-शीर्षकको परिधिभित्र केन्द्रित रही विश्लेषणात्मक चर्चाका रूपमा देखा परेका छुट्टै शोध-विषय बन्न सक्ने सम्भावना रहेका विषयहरू औँल्याउँदै भावी शोध-कार्यका निम्ति सुझाउका रूपमा एकाध शोधयोग्य विषयहरू उल्लेख गरेर पहिलो अध्यायको समापन गरिएको छ ।

शोध-प्रबन्धको दोस्रो अध्याय "सवाई काव्यको सैद्धान्तिक चिनारी" रहेको छ । यस अध्यायमा 'सवाई' शब्दको स्रोत पहिल्याएर यसको अर्थमा प्रकाश पार्ने प्रयास गरिएको छ । नेपाली समाजमा 'सवाई' शब्द नेपाली लोकलयप्रधान छन्द-लयका अर्थमा र 'काव्य'का अर्थमा पनि प्रचलित रहेको कुरा स्पष्ट पारिएको छ । सवाई शब्दको व्युत्पत्ति केलाउने सन्दर्भमा विभिन्न विद्वान्हरूका मत-मतान्तरहरूको उल्लेख गरिएको छ भने सवाई शब्द संस्कृतको संवाद अथवा नेपालीको सबै मध्ये कुनै एकबाट विकसित भएको हो भन्ने अभिमत वा विचार व्यक्त गरिएको छ । यसै सन्दर्भमा नेपालीको सवाई हिन्दीको सवैयाबाट विकसित भएको हो भन्ने विचार मान्न नमिल्ने कुरा पनि सोदाहरण चर्चा गरिएको छ । नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८७३-१९४०)का कवि वसन्त शर्माले सर्वप्रथम नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा *समुद्रलहरी* (१९०१)को रचना गरेर लहरी काव्यको शुरुआत गरेका थिए र यही सवाई छन्द-शैलीमा परवर्ती कवि बाग्दल डाँगीले *भोटको लडाइँको सवाई* (१९१२)को रचना गरेपछि सवाई छन्दमा सवाई काव्य रचना गर्ने परम्पराको प्रारम्भ भएको तथ्य प्रस्तुत गर्दै यो सवाई काव्य-परम्परा नेपाली कविताको माध्यमिक काल (१९४१-'७५)मा निकै मौलाएको र आधुनिक काल (१९७५ यता)को थालनी पछि क्रमशः शिथिल हुँदै गएको तर क्षीण रूपमा अद्यावधि पनि प्रचलित रहेको जानकारी यसै अध्यायमा प्रस्तुत गरिएको छ ।

आख्यान सम्पृक्त एवम् असम्पृक्त दुबै रूपमा रहेको पाइने यो नेपाली लोककाव्य विधा लोकगीत वा लोकगाथा कुन चाहिँ विधा अन्तर्गत पर्छ भन्ने जिज्ञासाको समाधान पहिल्याउने उद्देश्यले यसै दोस्रो अध्यायमा लोकगीत एवम् लोकगाथा उभयका संरचनागत ढाँचा र विशेषताको चर्चा गर्दै दुवै लोकविधाको तुलनात्मक चर्चाबाट सवाई काव्यलाई लोकगीत वा लोकगाथा कुनै एक

विधा भित्र पूर्णतः समेट्न नसकिने तर सवाई काव्य लोकगीतभन्दा लोकगाथाको अधिक निकटवर्ती विधा रहेको देखिन्छ भन्ने कुरा प्रस्तुत गरिएको छ ।

सवाई छन्दका सम्बन्धमा पनि यही दोस्रो अध्यायमा चर्चा गरिएको छ र यस सिलसिलामा छन्दको अर्थ र परिभाषा, छन्दको उत्पत्ति र प्रयोग-परम्परा, नेपाली काव्यमा प्रयुक्त छन्दका प्रकार-भेदहरूको चर्चा गर्दै प्रमुख नेपाली लोकछन्दहरूको परिचय र प्रकार-भेदहरूको उल्लेख गरिएको छ। यसै श्रृङ्खलालाई अघि सार्दै सवाई छन्दको संरचनागत स्वरूपको निरूपण गर्न यसका प्रकार-भेदहरूको चर्चा गरिएको छ, यसका मुख्य-मुख्य विशेषताहरू केलाएर देखाउने काम गरिएको छ । यसै सन्दर्भमा सवाई शब्द परम्पराको चर्चा गरेर श्रुति वा मौखिक परम्पराबाट चल्दै आएको यस सवाई छन्द लेख्य काव्यको छन्द-शैली बन्न पुगेको र लगभग सय वर्ष पुग्दा नपुग्दै यस सवाई छन्दमा कविता-काव्य रचना गर्ने परिपाटीमा क्रमशः शिथिलता आउँदै गएको कुराको उल्लेख गरिएको छ ।

यसै अध्यायमा कविता विधाको आयाम तथा संरचना-स्वरूपका सापेक्षतामा नेपाली सवाई काव्यको संरचना-स्वरूपको चर्चा गरेर नेपाली सवाई काव्य कविता विधाको मझौलो रूप भन्न मिल्ने खण्डकाव्य वा कोशकाव्यको संरचना-स्वरूपसँग मिल्दो-जुल्दो रहेको कुरा स्पष्ट पार्दै नेपाली सवाई काव्यलाई कोशकाव्य वा खण्डकाव्य पनि भन्न मिल्ने कुराको स्थापना गरिएको छ ।

प्रस्तुत शोध-प्रबन्धको तेस्रो अध्याय नेपाली कविताको विकास परम्परा र नेपाली सवाई काव्य रहेको छ । नेपाली सवाई काव्यको विकास-यात्रा पनि नेपाली कवितासँगै थालिएको हुनाले यहाँ दुबै काव्य-विधाको यात्रा क्रमलाई समानान्तर रूपमा राखी चर्चा गर्ने प्रयत्न गरिएको छ। यसो गर्दा कविताको नेपाली कविताको विकास यात्राको पृष्ठभूमिकाल, प्राथमिक काल र आधुनिक कालको दोस्रो चरण (१९९१-२०१६) सम्मको चर्चा गरेर यस कालावधिको नेपाली सवाई काव्यको विकास क्रमको सर्वेक्षणात्मक अध्ययन प्रस्तुत गरिएको छ । यस सर्वेक्षण क्रममा पाइएका पचासवटा नेपाली सवाई काव्यका रचनाकारहरूको परिचयका साथै सवाई काव्यको रचनाकाल एवम् प्रकाशन कालमा प्रकाश पारिएको छ । यसै अध्यायको अन्त्यमा नेपाली सवाई काव्य रचना गर्न उत्प्रेरणा प्रदान गर्ने तत्त्वहरूको खोजी र विश्लेषण गरेर नेपाली सवाई काव्य-यात्राको भावी सम्भावनाका रेखाहरू पहिल्याउन स्वकीय अवधारणका विन्दुहरू समेत प्रस्तुत गरिएका छन् ।

प्रस्तुत शोध-प्रबन्धको चौथो अध्याय 'नेपाली सवाई काव्यको विश्लेषणात्मक अध्ययन' रहेको छ र यस अध्यायमा *भोटको लडाइँको सवाई* (१९१२)देखि लिएर *नब्बे सालको भैँचालोको सवाई* (१९९०-९१)सम्म वि.सं. रचित, प्रकाशित एवम् उपलब्ध पचासवटा नेपाली सवाई काव्यहरू मध्ये प्रतिनिधि स्वरूप रहेका देखिने सत्रवटा सवाई काव्यहरूको रचनाकाल क्रमअनुसार विश्लेषण गरिएको छ । सवाई काव्यहरूको विश्लेषण गर्दा सवाई काव्यको आयाम एवम् संरचना-स्वरूप विषयवस्तु वा भाव विधान, छन्द र लय-विधान, भाषा-शैली, रस-परिपाक, अलङ्कार विधान, शीर्षकको औचित्य र कवित्वको स्तरलाई मुख्य आधार मानिएको छ । यस क्रममा प्राप्त अन्य प्रसङ्गहरूलाई पनि यथास्थानमा उल्लेख वा चर्चा गरिएको छ अनि प्रत्येक सवाई काव्यको विश्लेषणको अन्त्यमा विश्लेषणबाट प्राप्त निष्कर्षलाई बुँदागत रूपमा प्रस्तुत गरिएको छ ।

प्रस्तुत शोध-प्रबन्धको पाँचौ अध्याय 'नेपाली सवाई काव्यको वर्गीकरण' रहेको छ । यस अध्यायमा वि.सं. १९००-२००० का वीच रचित, प्रकाशित एवम् उपलब्ध पचासवटा नेपाली सवाई काव्यहरूलाई आयाम एवम् संरचना-स्वरूप, भाव वा विषयवस्तु, छन्द-लय विधान तथा कवित्व स्तरका आधारमा वर्गीकरण गरिएको छ । यसै अध्यायमा विषयवस्तुका आधारमा नेपाली सवाई काव्यहरूलाई मूलतः (१) ऐतिहासिक घटनाप्रधान, (२) धार्मिक-आध्यात्मिक वा भक्ति भावप्रधान, (३) नीति-उपदेश र सुधार-संस्कार भावप्रधान र (४) विविध भावप्रधान गरी मूलतः चार फराकिला वर्गमा विभाजन गरिएको छ ।

यसै अध्यायमा *भोटको लडाइँको सवाई* (१९१२), *काबुलको सवाई* (१९१९), *मनिपुरको लडाइँको सवाई* (१९५०), *अब्बर पहाडको सवाई* (१९५१), *जर्मनीको लडाइँको सवाई* (१९६२), *तिब्बत मिसनको सवाई* (१९६३), *नागाहिलको सवाई* (१९७०) र *युरोप महाभारत* वा *जर्मनीको लडाइँको सवाई* (१९७७) गरी जम्मा आठवटा नेपाली सवाई काव्यहरू युद्ध घटनाश्रित सवाई काव्य रहेको कुरा देखाइएको छ ।

त्यस्तै, *शिलाङ्का भैँचालाको सवाई* वा *भैँचालाको सवाई* (भाग १; १९५४), *किल्ला काँगडाको भैँचालाको सवाई* वा *भैँचालाको सवाई* (भाग २; १९६२), *बलुचिस्तानको प्रलयङ्कारी भैँचालाको सवाई* (१९९१), पाँचवटा *नब्बे सालको भैँचालाको सवाई*हरू गरी जम्मा आठवटा नेपाली सवाई काव्यहरू भूकम्प विषयाश्रित सवाई काव्य रहेको कुरा पनि देखाइएको छ ।

*गङ्गाबाढीको सवाई* (१९७३) बाढी विषयप्रधान नेपाली सवाई काव्य रहेको, *वि.सं. १९५६ सालको पैह्राको सवाई* (१९५६) र *दार्जिलिङ्को पहिराको सवाई* (१९५६) गरी जम्मा दुईवटा सवाई काव्यहरू भू-स्खलन *खिकामाछा जलेको सवाई* (१९७८)-आगलागी विषयवस्तुमा आधारित एउटै मात्र सवाई काव्य रहेको तथा *जङ्गबहादुरको सवाई* (१९३३), *मुक्तियारको सवाई* (१९३३), *धर्मकीर्ति वर्णन* वा *श्री ३ चन्द्र शमसेरको सवाई* (१९६२) एवम् रामचन्द्र शर्माको *गान्धीजीको सवाई* (१९८७-'९२) गरी जम्मा चारवटा सवाई काव्यहरू ऐतिहासिक पुरुषको मृत्युसम्बन्धी विषयमा आधारित नेपाली सवाई काव्य रहेका छन् भन्ने कुरा दर्शाइएको छ । यसरी ऐतिहासिक विषय वा घटनाप्रधान नेपाली सवाई काव्यहरूको कूल सङ्ख्या चौबीस रहेको देखिन्छ भन्ने कुरा पनि यसै अध्यायमा दर्शाइएको छ ।

यसै अध्यायमा *ब्रह्मतत्त्वको सवाई* (१९५०), *भक्तिको सवाई* (१९५८), *विष्णुको सवाई* (१९५८), *गोपिनीको सवाई* (१९५८), *राजा भरथरीको सवाई* (१९५९), *धर्म-अधर्मको सवाई* (१९६०), *काशीजीको सवाई* (१९६०), *अर्जुनगीताको सवाई* (१९६५), *काशीजीको सवाई* (१९६९ पूर्व), *गङ्गा महात्म्यको सवाई* (१९७३), *शिवपार्वतीको सवाई* (१९७३), *सूर्यपुराणको सवाई* (१९८०), *आत्मब्रह्मको सवाई* (र.का. १९६२, प्र.का. २०२५) गरी जम्मा चौधवटा सवाई काव्यहरू धार्मिक-आध्यात्मिक वा भक्तिभावप्रधान रहेको कुरा उल्लेख गरिएको छ ।

नीति, शिक्षा र सुधार-संस्कार भावप्रधान सवाई काव्यहरूको फाँटमा *अम्बलका बैगुनको सवाई* (१९८२), 'सवाई' वा *नेपाली भाषाको सवाई* (सन् १९२५), *कानियाको सवाई* (१९८७-'९२), *रङ्महलको सवाई* (१९९३) र *धामीको सवाई* वा *धामी झाँक्रीको सवाई* (१९९९) गरी पाँचवटा सवाई काव्य रहेका; *चरीको सवाई* (१९५७), *थरगोत्र प्रवरावली* (१९५८ पूर्व), *आसाम र शिलाङ्को सवाई* (१९५९), *सासू बुहरीको झगडाको सवाई* (१९६०), *अछामको सवाई* (१९६५), *श्री ३ महाराजको महाकाली सवारी भएको सवाई* (१९९१) तथा *गोर्खा थरगोत्रको सवाई* (१९९५) गरी सातवटा सवाई काव्यहरू विविध भावका रहेको कुरा पनि यसै अध्यायमा प्रस्तुत गरिएको छ ।

यसरी वि.सं. १९००-२००० का बीचमा रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरू मध्ये ऐतिहासिक विषय वा घटनाप्रधान नेपाली सवाई काव्यहरूको सङ्ख्या चौबीस; धार्मिक, आध्यात्मिक वा भक्ति भावप्रधान सवाईहरूको सङ्ख्या चौध; सुधार-संस्कार भावप्रधान नेपाली सवाई काव्यहरू पाँच र विविध भावप्रधान नेपाली सवाई काव्यहरूको सङ्ख्या सात गरी जम्मा पचासवटा सवाई काव्यहरू रचना हुन सकेको पाइएको छ ।

छन्द र लयका दृष्टिले नेपाली सवाई काव्यको वर्गीकरण गर्दा नेपाली सवाई काव्यहरू मूलत: (क) नेपाली लोकलयप्रधान सवाई छन्द, (ख) वर्णमात्रिक छन्द र (ग) विविध वा मिश्रित छन्द गरी तीन किसिमका छन्द-लयढाँचामा रचिएका पाइन्छन् भनेर देखाइएको छ ।

छन्द-लय विधानका दृष्टिले हेर्दा *भोटको लडाइँको सवाई* (१९१२), *काबुलको सवाई* (१९१९), *जङ्गबहादुरको सवाई* (१९३३), *मुक्तियारको सवाई* (१९३३), *सुन सुन राजा पञ्च* (१९४०), *मनिपुरका लडाइँको सवाई* (१९५०), *ब्रह्मतत्त्वको सवाई* (१९५०), *अब्बर पहाडको सवाई* (१९५१), *शिलाङ्का भैँचालाको सवाई* (१९५४), *दार्जिलिङका पैह्राको सवाई* (१९५६), *चरीको सवाई* (१९५७), *भक्तिको सवाई* (१९५८), *गोपिनीको सवाई* (१९५८), *विष्णुको सवाई* (१९५८), *राजा भरथरीको सवाई* (१९५८), *काशीको ध्यान सवाई* (१९६०), *धर्म अधर्मको सवाई* (१९६२), *किल्ला काँगडाको सवाई* (१९६२), *श्री ३ महाराज चन्द्र शमसेरको सवाई* (१९६५), *तिब्बत मिसनको सवाई* (१९६३), *अछामको सवाई* (१९६५), *नागाहिलको सवाई* (१९७०), *गङ्गामहात्म्यको सवाई* (१९७३), *गङ्गाबाढीको सवाई* (१९७३), *शिवपार्वतीको सवाई* (१९६५), *जर्मनीको लडाइँको सवाई* वा *युरोप महाभारतको* (१९७७), *खिकामाछा जलेको सवाई* (१९७८), *अम्बलका बैगुनको सवाई* (१९८२), *नेपाली भाषाको सवाई* वा *सवाई* (सन् १९२५), पाँचैवटा *नब्बे सालको भैँचालाको सवाई* (१९९१-'९२), *बलुचिस्ताको प्रलयङ्करी भैँचालाको सवाई* (१९९१), *कलिको सवाई* (र. १९६२ तिर), *काशीजीको सवाई* (१९६९), *कानिको सवाई* (१९८७-'९२), *गान्धीजीको सवाई* (१९८७-'९२), *श्री ३ महाराजको महाकाली सवारी भएको सवाई* (१९९१), *थरगोत्र प्रवरावली* (१९५८ पूर्व), *आत्मब्रह्मको सवाई* (१९९५), *रङ्गमहलको सवाई* (१९९३) र *धामीको सवाई* (१९९९) गरी जम्मा छयालीसवटा नेपाली नेपाली सवाई काव्यहरू नेपाली लोकलयप्रधान सवाई छन्दमा रचिएका पाइन्छन् भन्ने कुरा पनि उल्लेख गरिएको छ ।

*आसाम र शिलाङ्को सवाई* (१९५९) वर्णमात्रिक छन्दमा र *अर्जुनगीताको सवाई* (१९६५) एवम् *सूर्यपुराणको सवाई* (१९८२) गरी दुईटा सवाई काव्यहरू विविध छन्दमा रचिएका पाइन्छन् भने *वि.सं. १९५६ सालको पैह्राको सवाई* (१९५६) चाहिँ विविध छन्दहरूको छ्यासमिसे प्रयोग गरेर स्वतन्त्र लय विधानमा रचिएको कुरा उल्लेख गरिएको छ ।

यसै अध्यायमा नेपाली सवाई काव्यहरूको आयामलाई श्लोक सङ्ख्याका दृष्टिले पनि वर्गीकरण गरिएको छ र यसरी वर्गीकरण गर्दा नेपाली सवाई काव्यहरू मूलत: तीन किसिमका रहेका पाइएका छन् । यस सिलसिलामा उनन्चास श्लोकसम्म भएका छोटा आकारका सवाई काव्यलाई लघु सवाई काव्य भनिएको छ र *सासू-बुहारीको झगडाको सवाई*, *बलुचिस्ताको प्रलयङ्कारी भैँचालाको सवाई*, *नेपाली भाषाको सवाई* वा *सवाई*, *मनिपुरका लडाइँको सवाई*, *काशीजीको सवाई* र *गोपिनीको सवाई*लाई यस वर्गभित्र राखिएको छ । त्यस्तै, पचास श्लोकभन्दा माथि तर सय श्लोक सङ्ख्या नपुगेका *राजा भरथरीको सवाई*, *धर्म अधर्मको सवाई*, *तिब्बत मिसनको सवाई* प्रभृति सवाई काव्यहरूलाई मझौलो सवाई काव्य र एक सयभन्दा अधिक श्लोक रहेका *ब्रह्मतत्त्वको सवाई*, *अब्बर पहाडको सवाई*, *अर्जुनगीताको सवाई*, *अम्बलका बैगुनको सवाई* प्रभृति सवाई काव्यहरूलाई खण्डकाव्य वा कोश काव्य आकारका पूर्ण विकसित सवाई काव्य वर्गभित्र राख्ने काम गरिएको छ ।

संरचना-स्वरूपका दृष्टिले नेपाली सवाई काव्यहरूको वर्गीकरण पनि यसै अध्यायमा गरिएको छ । नेपाली सवाई काव्य मूलत: कविता विधाको मझौलो आकार वा स्वरूप भएको खण्डकाव्य वा कोशकाव्य स्तरीय काव्य रहेको र खण्डकाव्य जस्तै सवाई काव्य पनि पुष्टाख्यानधर्मी, सूक्ष्माख्यानधर्मी र आख्यान निरपेक्ष गरी तीन प्रकारको रहेको कुरा पनि यसै अध्यायमा उल्लेख गरिएको छ ।

संरचना प्रवाहका दृष्टिले वि.सं. १९०० देखि २००० सम्मका नेपाली सवाई काव्यहरूलाई वर्गीकरण गर्दा *अर्जुनगीताको सवाई* एउटै संरचना प्रवाहमा तर विविध छन्द-शैलीमा तथा *सूर्यपुराणको सवाई* चाहिँ बाह्र अध्यायमा संरचित रहेको कुरा देखाइएको छ ।

शोध-प्रबन्धको यही पाँचौ अध्यायमा कवित्वको गुणस्तरका आधारमा पनि नेपाली सवाई काव्यहरूको वर्गीकरण गरी देखाइएको छ । यसरी कवित्वको गुणस्तरका दृष्टिले वि.सं. १९०० देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध पचासवटा नेपाली सवाई काव्यहरू मध्ये तीनवटा

निम्न-मध्यम, छत्तीसवटा सामान्य र एघारवटा अति सामान्य स्तरका सवाई काव्य रहेका छन् भनेर देखाइएको छ ।

प्रस्तुत शोध-पत्रको छैठौं अध्याय नेपाली सवाई काव्यको चरण विभाजन तथा चरणगत प्रवृत्तिहरू रहेको छ र यस अध्यायमा प्रारम्भकाल (वि.सं. १९००) देखि वि.सं. २००० सम्मका नेपाली सवाई काव्यको विकास-यात्राका चरणहरू विभाजन गरिएको छ र प्रत्येक चरणमा देखा परेका चरणगत प्रवृत्तिहरूको विवेचन-विश्लेषण गरिएको छ । यसो गर्दा नेपाली सवाई काव्य परम्पराको मूल प्रवाह (वि.सं. १९०० देखि २००० सम्म)लाई चार चरणमा बाँडिएको छ । वि.सं १९०० देखि १९४० सम्मको कालखण्डलाई पहिलो चरण वा प्रारम्भकाल; वि.सं. १९४१ देखि १९६२ सम्म दोस्रो चरण वा विकासकाल; वि.सं. १९६३ देखि १९७४ सम्म तेस्रो चरण वा विस्तार काल र वि.सं १९७५ देखि २००० सम्मको कालावधिलाई चौथो चरण वा शिथिल काल मानिएको छ ।

नेपाली कविताको प्राथमिक काल (१८२६-१९४०)को उत्तरार्द्ध वा दोस्रो चरणको पछिल्लो चालीस वर्षको कालखण्ड (१९००-१९४०) नेपाली सवाई काव्यको पहिलो चरणका रूपमा देखा परेको छ । यसै चरणको १९०१ मा कवि वसन्त शर्माले लोकलयप्रधान सवाई छन्द-शैलीमा *समुद्रलहरी*को रचना गरेपछि लोकलयप्रधान सवाई छन्द-शैलीमा काव्य रचना गर्ने परम्पराको सूत्रपात भएको हो र १९१२ मा वाग्दल डाँगीले ***भोटको लडाइँको सवाई*** लेखेपछि चाहिँ नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीमा नेपाली सवाई काव्य रचना गर्ने परम्पराको प्रारम्भ भएको हो । ***भोटको लडाइँको सवाई*** (१९१२) पछि ***काबुलको सवाई*** (१९१९), ***जङ्ग बहादुरको सवाई*** (१९३३) र ***सुन सुन राजा पञ्च*** (१९४०) गरी जम्मा पाँचवटा सवाई रचिएका पाइएका छन् । यस चरणका सवाईकारहरूले आफ्ना काव्यहरूका माध्यमबाट युगपुरुषहरूको शौर्य-वीर्यको प्रशंसा वा महिमा गान गाएका छन् । यस किसिमका नेपाली सवाई काव्यमा सवाईकारका राष्ट्रप्रेमका भावना पनि व्यक्त हुन सकेका पाइन्छन् । यस किसिमका नेपाली सवाई काव्यहरू आख्यानधर्मी पनि रहेका पाइन्छन् ।

नेपाली कविताको माध्यमिक कालको पहिलो चरण (वि.सं.१९४१-१२६२) नेपाली सवाई काव्यको विकास क्रमको दोस्रो चरण वा विकास काल रहेको र यस चरणमा बीसवटा नेपाली सवाई काव्यहरूको रचना हुन सकेको तथा यो चरण भावगत एवम् छन्दगत रूपमा पनि समृद्धिको मार्गतर्फ अग्रसर भएको कुराको चर्चा गरिएको छ । यस चरणका नेपाली सवाई काव्यले नेपाली कविताको मूल प्रवृत्ति भक्ति वा भगवत् चिन्तनलाई आफ्ना काव्यको विषयवस्तु बनाउनुका साथै बाढी, भूकम्प, भू-स्खलन जस्ता घटनालाई पनि आफ्ना काव्यको विषयवस्तु बनाएका छन् । त्यस्तै यस चरणका नेपाली सवाईकारहरूले नेपाली लोकलयप्रधान सवाई छन्दका अतिरिक्त मात्रिक वा वर्णमात्रिक छन्दमा पनि नेपाली सवाई काव्यको रचना गरेको पाइन्छ ।

माध्यमिक कालीन नेपाली कविताको दोस्रो चरण (वि.सं.१९६३-'७४)लाई नेपाली सवाई काव्यको तेस्रो चरण वा विस्तार काल मानिएको छ र यस चरणमा मुद्रण प्रविधिको प्रचलन भई मुद्रित पुस्तक सुलभ भएकाले वृटिश सेनामा कार्यरत लाहुरे तथा अल्प शिक्षित युवा समाजमा हल्का मनोरञ्जनप्रद काव्य पढ्ने अभिरुचि बढ्दै गएको हुनाले सवाई काव्यको प्रकाशन निकै फस्टाएर गएको अनि एउटै सवाई काव्यलाई सामान्य परिवर्तन गरी अर्का प्रकाशकले छाप्ने गरेको, काव्य-कृतिकै नाम हेरफेर गरी छद्म नाममा समेत प्रकाशन गर्ने जस्ता कार्य हुने गरेकाले नेपाली सवाई काव्य निकै लोकप्रिय बन्न सकेको कुरा यस अध्यायमा चर्चा गरिएको छ । यसै अवधिमा ***सवाई पञ्चक, सवाई पच्चीसा*** जस्ता एकाध सवाई काव्यहरूका सङ्कलन पनि प्रकाशित भएका र तिनका एकाध सङ्कलनको पुन: प्रकाशनसम्म भएको; ***जर्मनीका लडाइँको सवाई*** जस्ता एकाध नेपाली सवाई काव्यमा देश विदेशको वर्णन हुन सकेको, परम्परागत चल्दै आएको नेपाली वीरताको गुण-गायन, ऐतिहासिक तथ्यप्रद घटना प्रस्तुतीकरण र भक्ति, नीति तथा अर्ती-उपदेशमूलक विषयवस्तुको वर्णन गर्ने काव्य-परिपाटीमा पनि उल्लेखनीय अभिवृद्धि भएको तथा ***अछामको सवाई, काशीजीको सवाई*** जस्ता भ्रमणसम्बन्धी विषयलाई छोएर एकाध नेपाली सवाई काव्य रचना गर्ने प्रवृत्तिको विकास

भएको कुरा प्रस्तुत गरिएको छ । सोहीअनुरूप नेपाली लोकलयप्रधान सवाई छन्द-लयमा नेपाली सवाई काव्य रचना गर्ने परिपाटीका साथै यस चरणका नेपाली सवाईकारहरूले दोहा, चौपाया, प्रभृति छन्द-शैलीमा पनि परिपाटीका साथै एउटै लय प्रवाह वा एउटै लामो परिच्छेदमा सवाईको कथ्य प्रस्तुत गर्ने पूर्ववर्ती चलनका साथै विविध लय प्रवाहमा अथवा विविध अध्याय, परिच्छेद वा खण्ड-खण्डमा सवाई रचना गर्ने परिपाटी अँगालेको जस्ता कुरा पनि चर्चा गरिएको छ । यसरी नेपाली सवाई काव्यले आफ्नो यात्राको तेस्रो चरणमा विविध आयाम र विविध गतिमा विस्तार लाभ गरेका हुनाले यस समयावधिलाई नेपाली सवाई काव्यको विस्तार काल भनिएको कुरा यही छैठौं अध्यायमा प्रस्तुत गरिएको छ ।

आधुनिक नेपाली कविताको पहिलो चरण (१९७५-१९९०) तथा दोस्रो चरणको पहिलो दशक (२०००)को पच्चीस वर्षको समयावधिलाई सवाई काव्यमा देखिएका अभिलक्षणहरू अनुरूप शिथिल काल भनिएको छ । सङ्ख्यागत दृष्टिले यस चरणमा पन्ध्रवटा सवाई काव्यहरूको रचना एवम् प्रकाशन भएको देखिन्छ तापनि नेपाली सवाई काव्यको विकास यात्रामा स्थविरताका अभिलक्षणहरू देखा परेको हुनाले र नेपाली सवाई काव्य रचनामा शिथिलता आएको हुनाले नेपाली सवाई काव्यको यस चरणलाई शिथिल काल भनिएको हो भन्ने कुरा दर्शाएर यस चरणका सवाई काव्यहरूले खास नयाँ प्रवृत्ति वा नवीनताको आभास दिन नसकेको र पूर्ववर्ती प्रवृत्तिहरूलाई नै अङ्गीकार गरेको कुरा उल्लेख गरिएको छ । यसै समयावधिमा नेपाली काव्य परम्पराले नवीन दृष्टि-दर्शन अँगालेर आधुनिक युगमा प्रवेश गरेको तर नेपाली सवाई काव्य भने उही पुरानो छन्द-शैली र पुरानै भाव-विचारको अभिव्यक्तिमा सीमित रही मानवीय पक्षहरूको अभिव्यक्ति दिनपट्टी अग्रसर नभएको; नेपाली सवाई काव्यले पाठकको रुचि ठम्याउन नसकेको; अर्कातिर यसै समयावधिमा मनोरञ्जन तथा पठन-पाठनका नयाँ आकर्षक सामग्रीहरूको विकास र प्रचार हुन पुगेको; पाश्चात्य शिक्षा, संस्कृति र जीवन-शैलीप्रति आम नेपालीहरूको आकर्षण बढ्दै गएको आदि कारणले नेपाली सवाई काव्यको रचना-प्रकाशन जस्ता काममा शिथिलता आएको कुराको चर्चा गरिएको छ ।

प्रस्तुत शोधप्रबन्धको सातौं अध्याय 'नेपाली सवाई काव्यको मूल्याङ्कन' रहेको छ । यस अध्यायमा *भोटको लडाइँको सवाई* (१९१२)देखि वि.सं. २००० सम्म रचिएत, प्रकाशित र उपलब्ध नेपाली सवाई काव्यहरू मध्ये यस शोध-प्रबन्धको चौथो अध्यायमा विश्लेषण गरिएका सत्रवटा नेपाली सवाई काव्यहरूको मूल्याङ्कन गर्ने काम गरिएको छ र ती काव्यहरूको संक्षिप्त परिचयात्मक टिप्पणीसमेत प्रस्तुत गरिएको छ । यसै अध्यायको दोस्रो भागमा नेपाली कविताको धारागत विकासमा नेपाली सवाई काव्यले पुऱ्याएको मुख्य योगदानबारे आलोचनात्मक चर्चा प्रस्तुत गरिएको छ । यस चर्चाका माध्यमबाट सवाई काव्य परम्पराले यसको उदय कालदेखि नै नेपाली कवितामा प्रवाहित वीरभक्ति तथा जातीय जागरण एवम् सुधार-संस्कार भावधाराका कवितालाई गतिशील तुल्याउन सहयोग पुऱ्याएको कुराको चर्चा गरिएको छ । *भोटको लडाइँको सवाई* (१९१२), *काबुलको सवाई* (१९१९), *मुक्तियारको सवाई* (१९३३) र *जङ्गबहादुरको सवाई* (१९३३) आदि सवाई काव्यले *ब्रह्मतत्त्वको सवाई* (१९५०) र *अर्जुनगीताको सवाई* (१९६५) जस्ता नेपाली सवाई काव्यहरूले नेपाली कविताको सगुण वा निर्गुण भक्तिधारालाई गतिशील तुल्याउन सघाउ पुऱ्याएको छ । आधुनिक कालको पहिलो र दोस्रो चरणको समयावधि (१९७५-२०००)मा नेपाली कवितामा देखा परेको सुधार-संस्कार, नैतिक उत्थान तथा जातीय-जागरणका स्वरहरूलाई पनि तीब्रता प्रदान गर्न एकाध सवाई काव्यहरूले यत्किञ्चित् सघाउ पुऱ्याएको कुराको पनि चर्चा गरिएको छ ।

थालनी कालदेखि नै मौलिक सवाई काव्य रचना गर्ने परम्पराबाट प्राथमिक तथा माध्यमिक कालीन नेपाली कविहरूले मौलिक कविता रचना गर्ने प्रेरणा प्राप्त गरेको देखिन्छ भने अनुवाद अनुकरण गरेर काव्य रचना गर्ने रचनाकारहरूलाई समेत संयमित छायानुवाद गर्नेतर्फ पनि नेपाली सवाई काव्यले यत्किञ्चित् प्रेरणा दिएको कुरा पनि यस अध्यायमा चर्चा गरिएको छ ।

नेपाली समाजमा प्राचीन कालदेखि नै द्वैतवादी, अद्वैतवादी अथवा बहुदेववादी धार्मिक भावना रही आएको र तिनका बीच कट्टरपन पैदा भई द्वेष पैदा हुने सम्भावना रहेको स्थितिबाट नेपाली सवाईकारहरूले गरेको समन्वयवादी काव्य-चिन्तनले धार्मिक समानता एवम् सहिष्णुताको परम्परा शिष्ट साहित्यका सर्जकहरू सम्म पुऱ्याउन सकेको कुरा पनि यसै सन्दर्भमा उल्लेख गरिएको छ ।

नेपाली समाजको उत्पत्ति कालदेखि नै मुखमुखै चल्दै आएको नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीलाई काव्य-शैलीको मर्यादा दिई नेपाली साहित्य जगत्मा जीवित राख्ने काम पनि नेपाली सवाई काव्यबाट हुन सकेको पाइन्छ । त्यस्तै, रूपसीहरूका नख-शिखको श्रृङ्गारिक वर्णनमै केन्द्रित माध्यमिक कालीन नेपाली कवितालाई नेपाली सवाईकारहरूले रति-रागविहीन शिष्ट सवाई काव्य रचना गरेर आफ्नो मर्यादा वा गौरव अक्षुण्ण राख्न सकेको कुरा पनि यस अध्यायमा चर्चा गरिएको छ ।

नेपाली सवाई काव्यले देशप्रेम, समाज सुधार, सामाजिक नैतिकताबोध आदिबारे परवर्ती आधुनिक कालीन रचनाकारहरूलाई पृष्ठभूमि र परम्परा प्रदान गर्ने कार्य गरेको छ । नेपाली सवाई काव्यको दीर्घ परम्परा-प्रसूत अनुभवबाट आख्यान-तत्त्वको संरचना-शैली तथा आख्यान निरपेक्ष नेपाली खण्डकाव्यको संरचना-स्वरूपबारे परवर्ती रचनाकारहरूलाई पर्याप्त प्रेरणा प्राप्त भएको अनुभव हुन्छ भने नेपाली सवाई काव्यको लोकप्रियता तथा जन समर्थनबाट परवर्ती कालका कवि-साहित्यकारहरूलाई लोकछन्द-शैलीको प्रभावकारितासम्बन्धी दृढ विश्वास प्राप्त भएको तथा आधुनिक साहित्यको तीव्र लहर चलेको साम्प्रतिक समयमा समेत लोकलयमा काव्य रचना गर्ने प्रेरणा जागरित भई नेपाली लोकलयप्रधान सवाई छन्दमा प्रशस्त काव्य रचना हुन सकेको कुरा पनि यसै अध्यायमा चर्चा गरेर देखाइएको छ ।

नेपालीमा युद्ध साहित्यका रूपमा विशेष चर्चित हुन पुगेको नेपाली सवाई काव्य परम्परा नेपाली वीरताको अनौपचारिक इतिहास पनि हो । इतिहासकारहरूका कलमहरूबाट छुटेका र नजरमा नपरेका कुराहरूलाई नेपाली सवाईकारहरूले आफ्ना काव्यमा यत्किञ्चित समेटेका छन्, र त्यसैले नेपाली इतिहासबाट ती महत्त्वपूर्ण कुराहरू उम्कन पाएका छैनन् । फलस्वरूप नेपाली समाज नै समग्रमा लाभान्वित-उपकृत हुन सकेको छ भन्ने जस्ता कुरा यस शोध-प्रबन्धको सातौं अध्यायमा चर्चा गरिएको छ । यस सातौं अध्यायको अन्त्यमा एक समयमा नेपाली समाजलाई तीव्र प्रभाव पार्न सफल सवाई काव्य-शैली एकसय वर्षको छोटो अवधिमै दुर्बल एवम् क्षीण हुन पुगनाका मुख्य-मुख्य कारणहरू खोज्ने, केलाउने कार्य गरिएको छ ।

शोध-प्रबन्धको प्रस्तुत आठौं अध्याय उपसंहार र निष्कर्ष रहेको छ र यसको 'उपसंहार' अंशमा प्रस्तुत शोध-प्रबन्धका पूर्ववर्ती सात अध्यायमा गरिएका कार्यहरूको सार-संक्षेप प्रस्तुत गरिएको छ र 'निष्कर्ष' अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त नेपाली सवाई काव्यसम्बन्धी मुख्य-मुख्य कुराहरूलाई निष्कर्षका रूपमा संक्षेप बुँदागत रूपमा प्रस्तुत गर्ने कार्य गरिएको छ । आठौं अध्यायपछि परिशिष्टमा शोधकार्यका निम्ति उपयोग गरिएका पुस्तक एवम् पत्र-पत्रिकाहरूको सूची वा विवरण लेखक, सम्पादकहरूको नामको अकारादि वर्णक्रमअनुसार सजाएर प्रस्तुत गरिएको छ । परिशिष्ट (क)मा प्रस्तुत शोध-प्रबन्धको निम्ति सामग्री सङ्कलन गर्दा उपलब्ध भएका वि.सं. १९०० देखि वि.सं २००० सम्ममा रचित, प्रकाशित एवम् उपलब्ध सवाई काव्य, रचनाकार, रचनाकाल र प्रकाशन संस्था आदिको विवरण प्रस्तुत गरिएको छ । त्यस्तै, परिशिष्ट (ख)मा वि.सं. २००० पछि २०५६ सम्म रचित, प्रकाशित एवम् उपलब्ध एकाध सवाई काव्यहरूलाई सूचीबद्ध गरेर देखाउने काम गरिएको छ भने परिशिष्ट (ग)मा चाहिँ अहिलेसम्म रचिएका, प्रकाशित भएका भनी जानकारीमा आएका तर रचनाकाल, रचनाकार उपलब्ध हुन नसकेका केही सवाई काव्यहरू र सवाईकाहरूको नामसमेत प्रस्तुत गर्ने काम गरिएको छ ।

## ८.१. निष्कर्ष :

नेपाली सवाई काव्यको विश्लेषणात्मक मूल्याङ्कन शोध शीर्षक अन्तर्गत गरिएका नेपाली सवाई काव्यको चर्चा-परिचर्चाबाट प्राप्त निष्कर्षलाई छोटकरीमा बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

(१) नेपाली समाजको प्रारम्भकालदेखि नै भारत, मागल, फाग, हुड्का, पडेली, झ्याउरे, सेलो, लहरी, तीजे, कर्खा, चरित, रसिया, मालसिरी देउसी, भैली, बालुन, सगुन, पैकेलो, जुहारी, चाँचरी, गाइनेगीत, भजन र सँगिनी प्रभृति लोक लयाश्रित गीत-गाथाहरू प्रचलित रहेका पाइन्छन् । सवाई पनि तिनमध्ये एक हो ।

(२) नेपाली समाजमा प्रचलित विभिन्न गीत-गाथाहरू जस्तै सवाई भन्ने अथवा सुन्ने-सुनाउने परम्परा प्राचीन कालदेखि नै रही आएको पाइन्छ । यसरी दीर्घकालसम्म मौखिक परम्परामा रहेको नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीको अनुकरण गरी नेपाली कविताको प्राथमिक कालको दोस्रो चरण (१८७३-१९४०)का कवि वसन्त शर्माले *समुद्रलहरी* (१९०१)को रचना गरे पश्चात् सवाई छन्दमा कविता रचना गर्ने परम्पराको सूत्रपात भयो । अत: *समुद्रलहरी* (१९००) नेपाली लोकलयप्रधान सवाई छन्दमा रचिएको पहिलो लहरी काव्य हो ।

(३) *समुद्रलहरी*को रचना भए पश्चात् नेपाली लोकलयप्रधान सवाई छन्द-शैलीको अनुकरण गरी बाग्दल डाँगीले *भोटका लडाइँका सवाई* (१९१२), दीनबहादुरले *काबुलको सवाई* (१९१९), नरबहादुर रानाले *जङ्गबहादुरको सवाई* (१९३३), रजहलदिल विश्वकर्मले *मुक्तियारको सवाई* (१९३३) र बलभद्र नेउपानेले *सुनसुन राजा पञ्च* (१९४०)को रचना गरेर नेपाली लोकलयप्रधान सवाई छन्दमा नेपाली सवाई काव्य रचना गर्ने परम्परा बसालेको पाइन्छ । अत: *भोटको लडाइँको सवाई* (१९१२) नेपाली लोकलयप्रधान सवाई छन्द अँगाली रचिएको पहिलो नेपाली सवाई काव्य ठहर्छ ।

(४) सवाई शब्द द्व्यर्थक रहेको छ । 'सवाई' भन्नाले एकातिर एक प्रकारको नेपाली लोकलयप्रधान जातीय छन्द-शैली बुझिन्छ भने अर्कातिर यस्तो सवाई छन्द-शैली अँगालेर रचना गरिएका *भोटको लडाइँको सवाई, चरीको सवाई* वा *शिवपार्वतीको सवाई* जस्ता काव्यलाई पनि सवाई काव्य भन्ने गरिन्छ । यसरी सवाई भन्नाले 'नेपाली लोकलयप्रधान सवाई छन्द-शैली विशेष' र 'यस छन्द-शैलीमा रचिएका काव्य' भन्ने बुझिन्छ ।

(५) 'सवाई' शब्द नेपाली भाषाको स्वकीय शब्द हो । संस्कृत भाषाको संवाद वा नेपालीको सबै भन्ने शब्दबाट यसको विकास भएको भन्ने ठहऱ्याइएको छ ।

(६) नेपाली सवाई काव्यमा लोकगीत तथा लोकगाथा दुबैका एकाध मिल्दा-जुल्दा लक्षणहरू देखिन्छन्; तर लोकगीत एवम् लोकगाथा दुबैका आन्तरिक र बाह्य विशेषताहरू र नेपाली काव्य शैलीको तुलनात्मक अध्ययन-अनुशीलन गर्दा सवाई काव्य शैलीमा लोकगीतभन्दा लोकगाथाका गुण वा लक्षणहरू बढी समाहित रहेका पाइन्छन् । त्यसैले नेपाली सवाई काव्य मूलत: गाथाप्रधान रहेको छ ।

(७) नेपाली लोकलयप्रधान सवाई छन्द मूलत: दुई ठाउँमा यति व्यवस्था भएको चतुष्पदी छन्द-शैली हो । सवाई छन्दका पद्य-पङ्क्तिहरू सामान्यत: बाह्रदेखि चौध अक्षरसम्मका रहेका पाइन्छन् । बाह्र अक्षरी सवाई पङ्क्तिहरूमा सामान्यत: छैठौं वा सातौं अक्षरमा पहिलो वा लघुयति एवम् बाह्रौं वा अन्तिम अक्षरमा पूर्ण वा अन्तिम यति रहेको हुन्छ । बाह्र अक्षरी सवाई पङ्क्तिहरूमा अन्तर्वर्ती लघुयति-क्रम साधारणत: (३+४)(३+२), (४+२)(४+२) वा (४+३)(३+२) वर्णगुच्छमा श्रृङ्खलित रहेको पाइन्छ । तेह्र अक्षरी सवाई पङ्क्तिहरूमा सातौं वा आठौं अक्षरमा पहिलो वा लघु यति एवम् तेह्रौं अक्षरमा पूर्ण वा अन्तिम यति रहेको हुन्छ भने अन्तर्वर्ती लघु यति-क्रम चाहिँ सालाखाला (४+३)(४+२), (३+४)(४+२) वा (४+४)

(३+२) वर्णगुच्छमा श्रृङ्खलित रहेको पाइन्छ । चौध अक्षरी सवाई-पङ्क्तिहरूमा आठौं अक्षरमा पहिलो वा लघु यति एवम् चौधौं अक्षरमा पूर्ण वा अन्तिम यति रहेको हुन्छ भने अन्तर्वर्ती यतिक्रम चाहिँ सालाखाला (४+४)(३+३) वा (४+४)(४+२) शैलीको वर्णगुच्छमा श्रृङ्खलित रहेको पाइन्छ । वि.सं. १९००-२००० का बीचमा रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरूमा प्रयोग गरिएको नेपाली लोकलयाश्रित सवाई छन्द मूलतः बाह्रदेखि चौध अक्षरीप्रधान रहेको छ र यसका प्रत्येक पद-पङ्क्तिमा मूलतः दुई ठाउँमा यति व्यवस्था रहेको छ ।

सवाई छन्द मूलतः नेपाली लोकलयात्मक छन्द-शैली रहेको हुनाले यस छन्दमा कविता रचना गर्दा अक्षर गणनामा अथवा वर्ण विशेषको ह्रस्व-दीर्घको प्रयोगमा भन्दा पनि लय वा सूरलाई बढी महत्त्व दिने गरेको पाइयो । त्यसैले सवाई पङ्क्तिमा अक्षरहरूको घटी-बढी रहेको स्थानमा पनि वर्णहरूलाई प्रयोजनअनुसार अजन्त-हलन्त पारेर वा लुप्ताक्षर-अधिकाक्षर पारेर अथवा द्रुत-विलम्बित पारेर उच्चारण गरी गाएमा अक्षर व्यवस्था स्वतः मिल्ने र सवाई छन्दको लयप्रवाह अनि यति-गति क्रम पनि अटुट रहने गरेको पाइयो । त्यसैले सवाई छन्द मूलतः नेपाली लोकलयाश्रित छन्द हो ।

नेपाली लोकलयप्रधान सवाई छन्द मूलतः अन्त्यानुप्रासी छ । त्यसैले नेपाली सवाई काव्यका प्रत्येक पङ्क्ति अन्त्यानुप्रासी रहेका छन् । अन्त्यानुप्रास योजनाका साथै अन्तर्वर्ती योजनाले पनि नेपाली सवाई काव्यका प्रत्येक पद-पङ्क्तिहरू लयात्मक, सङ्गीतात्मक र गेयात्मक रहेका छन् ।

(८) नेपाली सवाई छन्द ***भोटको लडाइँको सवाई, अब्बर पहाडको सवाई*** जस्ता वीरभावप्रधान काव्यहरूको भावाभिव्यक्तिका निम्ति पनि उपयोगी भएको हुनाले यस छन्दलाई वीर छन्द[1] पनि भन्ने गरेको पाइन्छ; तर सवाई छन्दमा वीरभावप्रधान सवाई काव्यहरूका अतिरिक्त धार्मिक-आध्यात्मिक वा भक्तिभावप्रधान, सुधार-संस्कार वा नीति-उपदेश भावप्रधान नेपाली सवाई काव्यहरूको रचना हुन सकेको पाइने हुनाले नेपाली सवाई छन्द वीर, शान्त, करुण, अद्‍भुत रस भावप्रधान काव्यहरूका निम्ति पनि उत्तिकै उपयोगी रहेको पाइन्छ । तर उल्लेख्य कुरा के देखिन्छ भने वि.सं १९०० देखि २००० का बीचमा यस सवाई छन्द-शैलीमा श्रृङ्गार रसप्रधान एउटै पनि सवाई काव्यको रचना हुन सकेको पाइएन; त्यसैले सवाई छन्द-शैली वीर, शान्त, करुण र अद्‍भुत रसका निम्ति उपयोगी छन्द-शैली रहे तापनि श्रृङ्गार रसका निम्ति त्यत्ति उपयोगी छन्द-शैली नरहेको ठहर्छ ।

(९) नेपाली लोकलयप्रधान सेलो वा भ्याउरे छन्दका जस्ता सवाई छन्द-शैलीका खास भेद रहेका पाइन्नन् । त्यस्तै, वि.सं. १९०० देखि २००० सम्म रचित, प्रकाशित एवम् उपलब्ध नेपाली सवाई काव्यहरूमा प्रयोग गरिएको सवाई छन्द-शैलीको अध्ययन-अनुशीलन गर्दा सवाई छन्द-शैलीमा भ्याउरे, सेलो आदि छन्दमा झैं रहनी वा टेक पदको प्रयोग पनि गरिएको पाइएन ।

(१०) वि.सं. १९०० देखि २००० सम्म रचिएका पचासवटा सवाई काव्यहरू मध्ये छयालीसवटा नेपाली सवाई काव्यहरू मूलतः खण्ड, अध्याय वा सर्गादिमा विभाजन नगरी एकल संरचना प्रवाहमा र एउटै लयप्रवाहमा रचिएका छन् । *आसाम र शिलाङ्को सवाई* (१९५९), *अर्जुनगीताको सवाई* (१९६२), *वि.सं. १९५६ सालको पैह्राको सवाई* (१९५६) र *सूर्यपुराणको सवाई* (१९८२) गरी चारवटा सवाई काव्य चाहिँ यसका व्यतिक्रम रहेका पाइन्छन् । जनकलाल शर्माले *आसाम र शिलाङ्को सवाई* शार्दूलविक्रीडित छन्दको एउटै लय प्रवाहमा रचना गरेका छन् । रेवतीरमण उपाध्यायको *अर्जुनगीताको सवाई* पनि एउटै संरचना-प्रवाहमा रचिएको छ र यसका बीच-बीचमा छन्द-लय प्रवाहको परिवर्तन गरी सवाई छन्द लयका साथै दोहा, चौपाई जस्ता मात्रिक एवम् शार्दूलविक्रीडित, शिखरिणी र वसन्ततिलका

[1] डिल्लीराम तिमसिना, *प्रबन्धलता* (ते.सं.); नभ सङ्गम, वाराणसी; वि.सं २०४३; पृ.८८-८९

जस्ता एकाध वर्णमात्रिक छन्दको प्रयोग गरिएको देखिन्छ । रामप्रसाद सत्यालको *सूर्यपुराणको सवाई* पनि *अर्जुनगीताको सवाई* जस्तै सवाई, दोहा, चौपाई र शार्दूलविक्रीडित एवम् वसन्ततिलका जस्ता विविध छन्द-शैलीहरूको प्रयोग गरी रचिएको सवाई काव्य हो; तर *सूर्यपुराणका सवाई*को कथ्य-कलेवर वा काव्य विषयवस्तु बाह्रवटा अध्यायहरूमा विभाजन गरिएको छ । अतः एकाध व्यतिक्रम वा अपवादलाई छाडेर नेपाली सवाई काव्य मूलतः एउटै छन्द-लय प्रवाहमा र एउटै संरचना प्रवाहमा रचित काव्य विधा रहेको पाइन्छ ।

(११) वि.सं. १९०० देखि २००० सम्म रचिएका नेपाली काव्यले अङ्गीकार गरेको आयाम एवम् संरचना-स्वरूपलाई हेर्दा अधिकांश नेपाली सवाई काव्यहरूले कविता विधाको फुटकर वा लघु स्वरूपलाई अतिक्रम गरी मझौलो रूपको विस्तृतिलाई अङ्गीकार गरेको पाइन्छ । सवाई काव्यले अङ्गीकार गरेको यो आयामगत विस्तृति कविताको महाकाव्य स्तरीय स्वरूपसम्म पुग्नु अगावै समाप्तिको विन्दुमा पुगेर समेटिएको पाइन्छ । अतः आयाम वा संरचनागत विस्तारका दृष्टिले नेपाली सवाई काव्य कविताको मझौलो रूप मानिएको खण्डकाव्य वा कोशकाव्य स्वरूपको काव्य विधा रहेको पाइन्छ ।

यसरी हेर्दा पन्ध्रदेखि उनन्चालीस श्लोक सङ्ख्याभित्र रहेका *सुन-सुने राजा पञ्च, श्री ३ चन्द्रशमशेरको सवाई, काशीजीको सवाई, सवाई* वा *नेपाली भाषाको सवाई, म्याग्दी तालको परेको सवाई* र *मुक्तियारको सवाई* गरी जम्मा छ वटा सवाई काव्यहरू आयामका दृष्टिले लघु आकारका सवाई रहेका देखिन्छन् । *गोपिनीको सवाई, थरगोत्रप्रवरावली, आसाम र शिलाङ्को सवाई, धर्म-अधर्मको सवाई, तिब्बत मिसनको सवाई, मार्कण्डेय पुराण सदाचार धर्मको सवाई, गोर्खा थरगोत्रप्रवरावली, कानिको सवाई, गान्धीजीको सवाई, कामक्रोधको सवाई, आत्मब्रह्मको सवाई, नब्बे सालको भैँचालाको सवाई, धामी-झाँक्रीको सवाई र शिव-पार्वतीको सवाई* गरी जम्मा पन्ध्रवटा सवाई काव्यहरू मझौलो आयामका रहेका पाइन्छन् । त्यस्तै, *काबुलको सवाई, दार्जिलिङ्को पैह्राको सवाई, वि.सं. १९५६ सालको पैह्राको सवाई, अर्जुनगीताको सवाई, गोदावरी पर्व सवाई, श्री ५ बादशाहको राज्याभिषेकको सवाई, युरोप महाभारत* वा *जर्मनीको लडाईँको सवाई,* नरेन्द्र शर्माको *जर्मनीको लडाईँको सवाई, सूर्यपुराणको सवाई, रङ्गमहलको सवाई, विष्णुको सवाई* र *भैँचालाको सवाई* (दोस्रो भाग) गरी जम्मा बाह्रवटा सवाईहरू श्लोक सङ्ख्या १०० भन्दा अधिक रहेका सवाई काव्यहरू हुन् । यिनलाई खण्डकाव्य अथवा कोशकाव्य आकारका सवाई काव्य भन्न सकिन्छ ।

(१२) वि.सं. १९०० देखि २००० सम्म रचिएका सवाई काव्यहरूलाई घटनाप्रधानता वा आख्यान सम्पृक्ततताका दृष्टिले अध्ययन-अनुशीलन गर्दा खण्डकाव्य झैँ नेपाली सवाई काव्यहरू पनि पुष्टाख्यान सम्पन्न, सूक्ष्माख्यान सम्पन्न र आख्यान निरपेक्ष वा आख्यानरहित गरी तीन प्रकारका रहेका पाइन्छन् । यस परिप्रेक्ष्यमा पचासवटा सवाई काव्यहरू मध्ये *भोटको लडाइँको सवाई, काबुलको सवाई, मुक्तियारको सवाई, सुन सुन राजा पञ्च, जङ्गबहादुरको सवाई, मनिपुरका लडाइँको सवाई, दार्जिलिङ्का पैह्राको सवाई, चरीको सवाई, नब्बे सालका भैँचालाको सवाईहरू, अछामको सवाई, आसाम र शिलाङ्को सवाई* गरी सैँतीसवटा नेपाली सवाई काव्यहरू पुष्टाख्यान सम्पन्न सवाई काव्य रहेका छन् । *भक्तिको सवाई, विष्णुको सवाई, काशीजीको सवाई, काशीको सवाई, ब्रह्मतत्त्वको सवाई, अम्बलका बैगुनको सवाई* र *रङ्गमहलको सवाई* गरी जम्मा सातवटा सवाई काव्यहरू सूक्ष्माख्यान सम्बलित सवाई काव्य रहेका छन् भने *धर्म अधर्मको सवाई, कलिको सवाई, नेपाली भाषाको सवाई, थरगोत्र प्रवरावली* र *गोर्खा थरगोत्रको सवाई* गरी छवटा सवाई काव्यहरू चाहिँ आख्यान शून्य वा आख्यान निरपेक्ष सवाई काव्य रहेका छन् । अतः नेपाली सवाई काव्य मूलतः आख्यानधर्मी वा घटनाप्रधान सवाई काव्य विधा रहेको छ ।

(१३) श्लोक सङ्ख्या एवम् श्लोक परिमाणद्वारा सङ्केत गरिएको कविता विधाको आयामगत विस्तृतिका दृष्टिले नेपाली सवाई काव्यहरूको वर्गीकरण गर्दा उनपचाससम्म श्लोक सङ्ख्या भएका काव्यलाई लघु सवाई काव्य, पचासदेखि उनान्सय श्लोकसम्म भएका सवाई काव्यलाई मझौला सवाई काव्य र सय वा त्यसभन्दा बढी श्लोक सङ्ख्या भएका सवाई काव्यलाई कविताको खण्डकाव्य वा कोशकाव्य स्तरीय आकार भएको सवाई काव्य भनिएको छ । यस वर्गीकरणका आधारमा *बलुचिस्तानको प्रलयङ्करी भैँचालाको सवाई* (१५श्लोक), *नेपाली भाषाको सवाई* (१७ १/२श्लोक), *चरीको सवाई* (२४श्लोक), *मनिपुरका लडाइँको सवाई* (३० श्लोक) गरी दसवटा सवाई काव्यहरू लघु आकारका सवाई काव्य रहेका देखिन्छन् । त्यस्तै, खडानन्द शर्मा तथा जीवनाथ काफ्लेको *नब्बे सालको भैँचालाको सवाई* दुबैवटा (५१श्लोक), *वि.स.१९५६ सालको पहिराको सवाई* (५४श्लोक), *भक्तिको सवाई* (५९श्लोक), *आसाम र शिलाङ्को सवाई* (६०श्लोक), *अछामको सवाई* (६०श्लोक), *अम्बलका बैगुनको सवाई* (९११/२श्लोक) र *श्री ३ चन्द्रशमसेरको सवाई* (९५ श्लोक) गरी अठारवटा सवाई काव्यहरू मझौला आकारका छन् भने श्लोक सङ्ख्या एक सयभन्दा बढी भएका *रङ्गमहलको सवाई* (१९८श्लोक), *ब्रह्मतत्त्वको सवाई* (१३७श्लोक), *किल्ला काँगडाको भैँचालाको सवाई* (१३६ श्लोक), *नागाहिलको सवाई* (१३१ श्लोक) र *शिलाङ्का भैँचालाको सवाई* (१०० श्लोक) गरी दसवटा सवाई खण्ड काव्य वा कोशकाव्य आकारका पाइएका छन् । यसरी गरेको अध्ययनमा सवाई काव्यहरूले श्लोक सङ्ख्याका दृष्टिले महाकाव्यीय विस्तृति (श्लोक सङ्ख्या एक हजार वा तदुर्ध) भने प्राप्त गर्न सकेको पाइएन । अतः नेपाली सवाई काव्य मूलतः खण्डकाव्यीय आयाम-विस्तृति भएको लोक स्तरीय काव्यविधा रहेको स्पष्ट हुन्छ ।

(१४) एक सय वर्ष (वि.सं. १९००-२०००) समयावधिको मूलप्रवाहमा रचिएका नेपाली सवाई काव्यहरू विषयवस्तुका आधारमा मूलतः (क) ऐतिहासिक घटना वा ऐतिहासिक विषयप्रधान सवाई काव्य, (ख) धार्मिक-आध्यात्मिक वा भक्ति भावप्रधान सवाई काव्य, (ग) नीति, शिक्षा र सुधार-संस्कार भावप्रधान सवाई काव्य र (घ) विविध विषयप्रधान सवाई काव्य गरी सालाखाला चार प्रकारका रहेका देखिन्छन् ।

ऐतिहासिक घटना वा ऐतिहासिक विषय अँगालेर जम्मा बीसवटा सवाई काव्य रचिएका छन् । यस्ता ऐतिहासिक घटनाहरू मध्ये युद्धसम्बन्धी विषय भएका आठवटा, भूकम्पसम्बन्धी विषय भएका आठवटा, भू-स्खलनसम्बन्धी विषय भएका दुईवटा, बाढीसम्बन्धी विषय भएको एउटा, आगलागीसम्बन्धी विषय भएको एउटा सवाई काव्य रहेका छन् ।

त्यस्तै, धार्मिक-आध्यात्मिक वा भक्तिभावप्रधान सवाई काव्यहरू चौधवटा रहेका छन् । यी चौधवटा सवाई काव्यहरू मध्ये देवताका नाममा आधारित, पौराणिक ग्रन्थका नाममा आधारित, प्रचलित गाथामा आधारित र सगुण एवम् निर्गुण भक्तिभावप्रधान सवाई काव्यहरू पनि रहेका छन् । यसै गरी सुधार-संस्कार भावप्रधान नेपाली सवाई काव्यहरूको सङ्ख्या पाँच रहेको छ भने विविध भावका सातवटा सवाई काव्यहरू रचिएका पाइन्छन् ।

यिनमध्ये *भोटको लडाइँको सवाई, काबुलको सवाई* र *मनिपुरका लडाइँको सवाई* जस्ता आठवटा सवाई काव्यहरू ऐतिहासिक युद्ध घटनामा आधारित, *शिलाङ्का भैँचालाको सवाई, किल्ला काँगडाको भैँचालाको सवाई* जस्ता आठवटा भैँचालो वा भूकम्प घटनामा आधारित, *दार्जिलिङ्का पहिराको सवाई* जस्ता दुईवटा पहिरो घटनामा आधारित, *गङ्गाबाढीको सवाई* नामक एउटा बाढीजन्य घटनामा आधारित तथा *खिकामाछा जलेको सवाई*- एउटा आगलागी विषयवस्तुमा आधारित सवाई काव्य रहेको छ । यसरी हेर्दा दैवी प्रकोप वा दैवी दुर्घटना (प्राकृतिक प्रकोप) सवाईकारहरूका निम्ति सर्वाधिक प्रेरक प्रसङ्ग बन्न पुगेको पाइएको छ ।

*ब्रह्मतत्त्वको सवाई, शिवपार्वतीको सवाई* र *धर्म अधर्मको सवाई* जस्ता भक्तिभावलाई विषयवस्तु बनाई रचिएका तेह्रवटा सवाई काव्यलाई पनि देवताका नाममा आधारित *( विष्णुको सवाई )*, तीर्थका नाममा आधारित (*काशीको सवाई* ), पौराणिक ग्रन्थ नाममा आधारित (*सूर्यपुराणको सवाई* ), प्रचलित गाथामा आधारित (*राजा भरथरीको सवाई)* छन्। तिनलाई सगुण एवम् निर्गुण भक्ति भावप्रधान गरी विभिन्न सूक्ष्म विषयका आधारमा पनि विभाजन गर्न सकिने देखिएको छ ।

नेपाली समाजमा देखिने विभिन्न विकृति-विसङ्गतिलाई हटाएर सुधार-संस्कारका माध्यमबाट नैतिक सन्देश दिने कार्य पनि यस अवधिका नेपाली सवाईकारहरूबाट भएको छ । *अम्बलका बैगुनको सवाई, धामीको सवाई* र *कानियाँको सवाई* जस्ता सवाई काव्यहरू रचना गरी नेपाली सवाई काव्यका रचनाकारहरूले समाजमा नैतिक सुधार-संस्कार ल्याउने प्रयास गरेको देखिन्छ ।

नेपाली समाजमा बसोवास गर्ने दाजुभाइ-दिदीबहिनीहरूलाई ज्ञान-बिज्ञानका अथवा नित्य व्यावहारिक तथा ज्ञानवर्धक कुराहरू सवाई काव्यका माध्यमबाट सम्प्रसारित गर्ने सराहनीय कार्य पनि नेपाली सवाईकारहरूले गरेको पाइएको छ । चराहरूको नामावली तथा नेपाली विवाहका सांस्कृतिक सिलसिला याद गराउन *चरीको सवाई*, नेपाली जातिको थरगोत्र तथा प्रवरको जानकारी गराउन *थरगोत्र प्रवरावली* तथा *गोर्खा थरगोत्रको सवाई*, नेपालीको सही वर्णविन्यास सिकाउन *ह्रस्व-दीर्घ आदिको सवाई*, विदेशमा गई बसेका नेपालीहरूको स्थिति अवगत गराउन *अछामको सवाई* एवम् *आसाम र शिलाङ्को सवाई*, पश्चिम नेपालको सामाजिक तथा भौगोलिक जानकारी दिने *श्री ३ महाराजको महाकाली सवारी भएको सवाई* आदि विविध भावमा आधारित सवाई काव्यको रचना हुन सकेको कुरा यसै सन्दर्भमा उल्लेखनीय देखिन्छ ।

(१५) वि.सं. १९०० देखि २००० सम्मका नेपाली सवाई काव्यहरूको अध्ययन-अनुशीलन गर्ने क्रममा प्रस्तुत शोध-ग्रन्थमा विश्लेषण एवम् मूल्याङ्कन गरिएका पचासवटा सवाई काव्यहरू मध्ये तीनवटा सवाई काव्य निम्न-मध्यम स्तरका पाइएका छन् भने एघारवटा अति सामान्य स्तरका र अवशिष्ट छत्तीसवटा सवाई काव्य चाहिँ सामान्य गुणस्तरका काव्य रहेका छन् । यस अवधिमा उच्चतम, उच्चतर वा उच्चस्तरीय सवाई काव्यको रचना हुन सकेको देखिन्न । त्यसैले नेपाली सवाई काव्यहरू मूलत: निम्न-मध्यम स्तरभन्दा माथि उठ्न सकेका पाइँदैनन् र यस अवधिका नेपाली सवाई काव्य अति सामान्य स्तर र निम्न-मध्यम स्तरका बीचका रचना रहेका पाइन्छन् ।

(१६) भाषा-शैलीका दृष्टिले वि.सं. १९०० देखि २००० सम्म रचिएका नेपाली सवाई काव्यहरू त्यति परपक्व रचना रहेका देखिँदैनन् । अधिक सङ्ख्यक सवाई काव्यहरू नेपाली व्याकरणको प्रतिस्थापन पूर्वका रचना भएकाले तिनमा व्याकरणगत शुद्धा-शुद्धी वा नियमानुसरणभन्दा व्यावहारिक भाषाको अनुकरण गर्ने प्रयत्न गरिएको पाइन्छ । नेपाली सवाई काव्यमा प्रचलित कथ्य एवम् गेय भाषाको प्राधान्य रहेको र तत्सम-तद्भव शब्दहरूका साथै सामान्य बोलचालमा प्रयोग हुने आगन्तुक शब्दहरूको पनि स्वाभाविक प्रयोग गरिएको पाइन्छ । सरल-सुबोध छन्द-शैलीमा रचिने भाव प्रवहणक्षम सवाई काव्यका भाषामा प्रभावकारिता र प्राञ्जलताको आभास मात्र पाइन्छ, तर निदर्शन पाइँदैन । तसर्थ, भाषा-शैलीका दृष्टिले नेपाली सवाई काव्यहरू त्यत्ति उल्लेख्य काव्य-कृति रहेका देखिँदैनन् । सामान्य लोक काव्य सुहाउने आलङ्कारिक बिम्ब-प्रतीक आयोजना र अनुप्रासीयताको स्वाभाविक प्रयोगद्वारा उद्भासित नैसर्गिक काव्य-सौन्दर्य नै नेपाली सवाई काव्यको भाषिक उपलब्धि रहेको देखिन्छ ।

***